**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री टंकनाथ पौडेल**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०८०।०८१ सालको निर्णय नं. ९३**

**पुनरावेदन नं. ०७८-RB-०२२४**

**मुद्दाः– अग्रिम कर (२०७२/०७३)**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११ स्थित नेपाल नागरिक उड्डयन प्राधिकरणको तर्फबाट मुद्दा गर्ने अख्तियारप्राप्त नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक ई. प्रदिप अधिकारी..............................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..............................................१ } प्रत्यर्थी
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं..............................................१ }

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री बावुराम गौतम
शुरु निर्णय मितिः- २०७७।०९।२९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं
निर्णय गर्ने अधिकारीः- महानिर्देशक श्री शोभाकान्त पौडेल
निर्णय मितिः- २०७८।१०।०२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री भेषराज न्यौपाने, श्री विमल खनाल र श्री द्वारिका प्रसाद भट्टराई

प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः- ×**

ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७७।०९।२९ मा भएको निर्णय र सोही निर्णय सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७८।१०।०२ को निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. करदाता श्री नागरिक लगानी कोषको आ.व. २०७२।०७३ को अग्रिम कर कट्टी परीक्षण गर्ने क्रममा करदाताले नागरिक लगानी कोषवाट संचालित उपदान कोष योजना तथा लगानीकर्ता हिसाव योजनामा योगदान गरेको उपदान, संचित बिदा तथा औषधीउपचारको रकम साथै कर्मचारी अवकाश हुँदा नागरिक लगानी कोषवाट भएको अवकाश भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा कम भुक्तानी गरेको देखिएकोले रु.१,०६,९९,३५९।०९ माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै आधार र कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन, २०५८ दफा ९०(८) बमोजिम करदाताको नाममा मिति २०७७।०८।१४ मा सूचना जारी गरेको।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७७।०८।१४ मा जारी भएको सूचना हुलाकवाट मिति २०७७।०८।२२ मा पठाईएको करदाताले सोको लिखित जवाफ मिति २०७७।०९।१० मा पेश गरेको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट जारी भएको अग्रिम कर कट्टी सम्बन्धी सूचनाका बुँदाहरुमा कुनै परिवर्तन गर्नुपर्ने नदेखिएकोले सोही बमोजिम करदाताको आ.ब. २०७२/०७३ को लागि आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम रु.१,०८,२३,७७०।२५ दाखिला गर्न करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७७/०९/२९ मा खडा भएको निर्णय पर्चा।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७७/०९/२९ मा जारी गरेको आ.व. २०७२/०७३ को अग्रिम कर तर्फको आदेशमा चित्त नबुझी करदाता श्री नेपाल नागरिक उड्डयन प्राधिकरणले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७/१२/०५ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

५. आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार अवकास कोष रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतले हुने रकम कर कट्टी गर्नुपर्ने तथा सोही उपदफाको प्रतिबन्धात्मक वाक्याशं खण्ड (१) बमोजिम नेपाल सरकारबाट भएको अवकास भुक्तानी वा स्वीकृत अवकास कोषबाट भएको योगदानमा आधारित अवकास भुक्तानीको हकमा पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। प्रस्तुत करदाताको अवकास

भुक्तानी नेपाल सरकारबाट भएको अवकास भुक्तानी नरहेको तथा योगदानमा आधारित समेत नभएको अवकास भुक्तानी भएकोले आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार अवकास कोष रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतले हुने रकम कर कट्टी गर्नुपर्ने गरी कार्यालयबाट गरेको कर निर्धारण कानून बमोजिम देखिएको हुँदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।१०।०२ मा भएको निर्णय।

६. मिति २०७५।०४।०१ मा भएको संशोधन अनुसार आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) मा थपिएको योगदानमा आधारित भन्ने शब्द र त्यसले पार्ने प्रभाव आ.ब. २०७२।०७३ को हकमा लागु हुने होइन। आ.ब. २०७२।०७३ को कर निर्धारण गर्दा वि.स. २०७५ श्रावण १ देखि लागु भएको आर्थिक ऐनको व्यवस्था लागु गरी गरेको अग्रिम कर निर्धारण मिलेको नदेखिँदा साथै नागरिक लगानी कोष आयकर ऐन, २०५८ अनुसार स्विकृत अवकास कोष भएको र सोबाट हुने भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) बमोजिम पाँच प्रतिशतका दरले कर कट्टी हुनुपर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था भएको र सम्मानित सर्वोच्च अदालतबाट नागरिक लगानी कोष आयकर ऐन, २०५८ अनुसार स्विकृत अवकास कोष भएको र सोबाट हुने भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) बमोजिम पाँच प्रतिशतका दरले कर कट्टी हुनुपर्ने भन्ने नजिर प्रतिपादन भएकोले सो कुरा लाई सम्मानित सर्वोच्च अदालतले समेत स्विकार गरी सकेको हुनाले ५ प्रतिशतका दरले मात्र कर कट्टी गर्ने गरी न्याय इन्साफ पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाता श्री नेपाल नागरिक उड्डयन प्राधिकरणका तर्फबाट मिति २०७९/०१/२५ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्याविधि सहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७९।०५।०१ को यस न्यायाधिकरणबाट भएको आदेश।

८. यसमा करदाता नेपाल नागरिक उड्डयन प्राधिकरणको तर्फबाट उपस्थित विद्वान अधिवक्ताले नागरिक लगानी कोषको अनुरोध बमोजिम आ.व. २०७२।०७३ मा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट कम कट्टी भएको अग्रिम कर दाखिला भइसकेको भनी बहसको क्रममा जानकारी गराउनु भएको हुँदा आ.व. २०७२।०७३ मा अवकाश भएका कर्मचारीलाई नागरिक लगानी कोषबाट अवकाश भुक्तानीको लागि प्राधिकरणबाट गरिएको पत्राचार र नागरिक लगानी कोषको अनुरोध बमोजिम कम कट्टी भएको रकम दाखिला गरेको बैंक भौचर तथा पत्राचार समेतका कागजातहरु रहेको अवकाश भुक्तानी

सम्बन्धी सक्कल फाइल नेपाल नगारिक उड्डयन प्राधिकरणबाट झिकाइ नियमानुसार पेश गर्नु भन्ने मिति २०७९।९।१८ को आदेश।

९. यसमा नेपाल नागरिक उड्डयन प्राधिकरण (स्थायी लेखा नं. ५०००३४१६७) को आ.व. २०७२/०७३ को मित २०७७।०३।३० मा अग्रिम कर माग गर्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णय उपर आन्तरिक राजस्व विभागमा दर्ता भएको द.नं. १८६० को प्रशासकीय पुनरावलोकनको निवेदन विभागबाट मिति २०७८।०९।२३ मा फिर्ता गरिएको भन्ने देखिँदा उक्त सक्कल फाइल आन्तरिक राजस्व विभागबाट सात दिन भित्र झिकाउने, नेपाल नागरिक उड्डय प्राधिकरणको आ.व. २०७२।०७३ को ठूला करदाता कार्यालयबाट मिति २०७७।०३।३० मा अग्रिम कर माग गर्ने गरी निर्णय भएकोमा मिति २०७७।०९।२९ मा पुनः सोही आर्थिक वर्ष २०७२/०७३ को अग्रिम कर माग गरी निर्णय भएको भन्ने देखिँदा यसरी एउटै करदाताको हकमा एउटै आ.व. को दुई पटक अग्रिम कर माग गर्नु पर्नाको आधार सम्बन्धमा सात दिन भित्र ठुला करदाता कार्यालयबाट जवाफ मगाउने भन्ने मिति २०८०।१।७ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

१०. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री नेपाल नागरिक उड्डयन प्राधिकरणका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु श्री भेषराज न्यौपाने, श्री विमल खनाल र श्री द्वारिका प्रसाद भट्टराईले मिति २०७५।०४।०१ मा आर्थिक ऐन, २०७५ बाट संशोधन भएको आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) मा उल्लेख भएको व्यवस्थामा योगदानमा आधारित भन्ने शब्दहरु थप गरेको देखिन्छ। आ.ब. २०७२।०७३ को कर निर्धारण गर्दा वि.स. २०७५ श्रावण १ देखि लागु भएको आर्थिक ऐनको व्यबस्था लागु गरी अग्रिम कर निर्धारण गरेको काम कानुनसम्मत मिलेको नभएकोले शुरु कार्यालयले अग्रिम कर माग गर्ने गरी गरेको अग्रिम कर निर्धारण, शुल्क र ब्याज समेतको आदेश त्रुटिपुर्ण हुँदा बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

११. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौका विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले आयकर ऐन, २०५८ को दफा ८८ मा लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा कर कट्टी सम्बन्धी व्यबस्था गरिएकोछ। जसमा कुनै प्रतिफल वा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा त्यस्तो रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यबस्था भए बमोजिम दफा ८८(१) बमोजिमको अग्रिम कर, १२०(क) बमोजिमको शुल्क र दफा ११९ बमोजिमको ब्याज समेत माग गरेको शुरु कार्यालयको निर्णय कानुनसम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस गर्नु भयो।

१२. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठुला करदाता कार्यालय

ललितपुरबाट करदाताको हकमा अग्रिम कर माग गर्ने गरी भएको आदेश र सो आदेशलाई सदर गर्नेगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, करदाता नेपाल नागरिक उड्डयन प्राधिकरणले लिएको एकमात्र पुनरावेदन जिकीर करदाताको हकमा आ.व. २०७२/०७३ का लागि ठूला करदाता कार्यालयबाट भएको अग्रिम कर कट्टि तर्फको संशोधित कर निर्धारणको क्रममा प्राधिकरणका कर्मचारीलाई उपदान, संचित विदा तथा औषधी उपचारको रकम नागरिक लगानी कोषबाट भुक्तानी गर्दा ५% मात्र अग्रिम कर कट्टी गरी राजस्व दाखिला भएको हुँदा १५% का दरले हुने अग्रिम कर कट्टी रकम, शुल्क र ब्याज समेत माग गर्ने गरी भएको आदेश कानूनसम्मत नभएको हुँदा बदर गरी पाउँ भन्ने पुनरावेदन जिकीर रहेको देखिन्छ। ठूला करदाता कार्यालयबाट भएको निर्णयको क्रममा नागरिक उड्डयन प्राधिकरणले अवकास कोषमा पठाएको रकम खर्च कट्टी गरेको तर भुक्तानी गर्दा भुक्तानी रकमको ५० प्रतिशत वा पाँच लाख मध्ये जुन बढी हुन्छ सो रकम घटाई पाँच प्रतिशतले कर कट्टी गरेको देखिएको तर उक्त अवकास कोष योगदानमा आधारित नभएकोले आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भुक्तानीका बखत १५% ले अग्रिम कर कट्टी गरी दाखिला नगरेको कारण आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५% का दरले अग्रिम कर, ऐ.ऐनको दफा १२०(क) बमोजिम शुल्क तथा दफा ११९ बमोजिम ब्याज माग गर्ने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

१४. आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) ले स्वीकृत अवकाश कोषमा रहेको हितबाट भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी आयमा गणना गर्ने विधि उल्लेख गरेको पाईन्छ। ऐ. दफाको उपदफा (२) ले स्वीकृत नलिएको अवकाश कोषमा रहेको हितबाट भएको भुक्तानीका सम्बन्धमा उल्लेख गरेको देखिन्छ। तर करदाताको हकमा स्वीकृत अवकाश कोषबाट भुक्तानी भएको देखिँदा उपदफा (१) नै आकर्षित हुने देखियो। आयकर ऐन, २०५८ को दफा ८८(१) मा "वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, विक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेछ।" भन्ने कानूनी व्यवस्था उल्लेख भएको देखिन्छ। तर सोही उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांशमा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ। यसरी आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था अनुसार नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत

अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले मात्र कर कट्टी गर्नुपर्ने देखिन्छ।

१५. करदाताले आ.व.२०७२/०७३ मा अवकाश प्राप्त कर्मचारीलाई उपदान, सन्चित वीमा तथा औषधि उपचारको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ५०% वा पाँच लाख मध्ये जुन बढी हुन्छ सो रकम घटाइ हुने भुक्तानीमा पाँच प्रतिशतले कर कट्टी गरेको तथ्यमा विवाद देखिदैन। प्रत्यर्थी ठूला करदाता कार्यालयले करदाताको अवकाश भुक्तानी रकम योगदानमा आधारित नदेखिएकोले योगदानमा आधारित नरहेको हुँदा त्यस्तो भुक्तानीको हकमा आयकर ऐन, २०५८ को दफा ८८(१) वमोजिम १५% ले रू.५९,३९,१३३।९६— अग्रिम कट्टी गरी दाखिला गर्नुपर्नेमा रु.४९,७६,४४६।०९ कम दाखिला गरेको भन्ने ठहर निष्कर्षमा पुगेको देखियो।

१६. करदाताले अग्रिम कर कट्टी गरी दाखिल गरेको वखत अर्थात आ.व.२०७२/०७३ मा आयकर ऐन, २०५८ को दफा ८८(१) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (१) मा नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। उक्त दफा ८८(१) मा रहेको प्रतिवन्धात्मक वाक्यांश (१) मा "योगदानमा आधारित" भन्ने वाक्यांश आर्थिक ऐन, २०७५ ले मिति २०७५।०४।०१ देखि लागू हुने गरी संशोधन गरी थप गरेको देखियो। करदाताको अवकाश कोष स्वीकृत रहेको कुरामा विवाद नउठाएको र योगदानमा आधारित हुनु पर्ने कुरा मिति २०७५।०४।०१ देखि लागू भएको संशोधनले मात्र थप गरेको हुँदा आ.व.२०७२/०७३ मा नै अग्रिम कर कट्टी गरी दाखिल गरेको विषयमा पछि संशोधन भएको कानुनी व्यवस्थाले थप गरिएको योगदानमा आधारित नरहेको भन्ने आधार ग्रहण गरि कानुनको पश्चातदर्शी प्रभाव (Retrospective effect) पर्ने गरी कानुनको व्याख्या र प्रयोग गरी ठूला करदाता कार्यालयले मिति २०७७।०९।२९ मा करदाताबाट १५% का दरले अग्रिम कर माग गर्ने गरी गरेको निर्णय विधिशास्त्रीय सिद्धान्त प्रतिकूल हुनाको साथै न्यायोचित समेत देखिएन। त्यस्तो निर्णय उपर प्रशासकीय पुनरावलोकनको निवेदन ग्रहण गरी हेर्दा आन्तरिक राजस्व विभागका महानिर्देशकले समेत करदाताले उठाएको प्रश्नको आधार र कारण सहित समुचित रुपमा संशोधन नगरी करदाताको कोष योगदानमा आधारित नभएको भन्ने पछिको संशोधित कानुनी व्यवस्थाले थप गरेको ग्रहण नै गर्न नमिल्ने कानुनी आधार ग्रहण गरी शुरु निर्णय नै सदर गर्ने गरी मिति २०७८।१०।०२ मा भएको निर्णय समेत कानून सम्मत नदेखिँदा दुवै निर्णय उल्टी भई बदर हुने देखिन आयो।

१७. तसर्थः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता नेपाल नागरिक उड्डयन प्राधिकरण (स्थायी लेखा नं. ५०००३४१६७) को आ.ब. २०७२/०७३ को

अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७७।०९।२९ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।१०।०२ मा भएको निर्णय समेत न्यायोचित नदेखिंदा उल्टी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसील खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता नेपाल नागरिक उड्डयन प्राधिकरण (स्थायी लेखा नं. ५०००३४१६७) को आ.ब.२०७२/०७३ को थप अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७७।०९।२९ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।१०।०२ मा भएको निर्णय समेत न्यायोचित नदेखिई उल्टी हुने ठहरेकोले उक्त निर्णयको आधारमा माग भएको थप अग्रिम कर वापतको रकम करदाताले बुझाउनु पर्ने नदेखिँदा उक्त रकम कानून बमोजिम फिर्ता वा आगामी आ.व. को हिसावमा मिला गरिदिनु भनि ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।

२. फैसलाको प्रतिलिपी जानकारीको लागि बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।

३. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

५. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टंकनाथ पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हामी सहमती छौं।

बासुदेव खनाल
(लेखा सदस्य)

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः- पाल्साङ्ग लामा

तामेलदारः-अशोक विश्वकर्मा

इतिसम्बत २०८० साल भदौ ५ गते रोज ३ शुभम.............................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप